City of Omaha
1819 Farnam St
Omaha, NE 68183
cityofomaha.org
402-444-5220

प्रिय बासिन्दा,

K2 (के-टू)कन्स्ट्रक्सन कम्पनीलाई **३३ र ह्यामिल्टन चोकको** सुधार कार्यको ठेक्का प्रदान गरिएको छ। साथै, ओमाहा नगरपालिकाले यस आयोजनाको निर्माण कार्यको रेखदेख र व्यवस्थापनका लागि JEO (जे-इ-ओ) कन्सल्टिङ ग्रुपलाई नियुक्त गरेको छ।

यस सुधार आयोजना अन्तर्गत चोकमा गोलचक्कर (राउन्डअबाउट) निर्माण, फुटपाथ निर्माण, र वर्षाको पानी निकास प्रणालीमा सुधार गरिनेछ। यी सुधारहरू यातायात सञ्चालनलाई सहज बनाउन, सुरक्षा बढाउन, पैदल यात्रीको आवागमनलाई सुविधाजनक पार्न र क्षेत्रमा यातायात जाम कम गर्ने उद्देश्यले गरिएका हुन्।

जसरी तपाईंले पहिलेनै ध्यान दिनुभएको होला, यस क्षेत्रमा पूर्व-निर्माण कार्यहरू, जसमा बिजुली, पानी तथा अन्य सेवाका तार-पाइप सार्ने कार्य समावेश छन्, हाल सञ्चालनमा छन्। यस्ता पूर्वाधार स्थानान्तरण कार्य पूरा गर्नका लागि चोक बन्द गर्नु अपरिहार्य छ। **बुधबार, मार्च २५, २०२६** देखि **चोकलाई पूर्ण रूपमा बन्द** गरिने तालिका निर्धारण गरिएको छ।

चोक पूर्ण बन्द हुनुका साथै मुख्य निर्माण कार्य **मार्च ३०, २०२६** को साताबाट सुरु हुने अनुमान छ र **सेप्टेम्बर २०२६** सम्ममा काम सम्पन्न हुने अपेक्षा गरिएको छ। तपाईंको जानकारीका लागि बन्द क्षेत्रको **नक्सा** यसै पत्रमा संलग्न गरिएको छ। कृपया ध्यान दिनुहोस् कि यो तालिका अप्रत्याशित परिस्थिति वा खराब मौसमका कारण परिवर्तन हुन सक्नेछ।

निर्माण कार्य सम्पन्न नभएसम्म चोकलाई यातायातका लागि बन्द राखिनेछ र नक्सामा देखाइएअनुसार यातायात नियन्त्रण व्यवस्था मिलाइनेछ। निर्माण क्षेत्र बाहिर रहेका स्थानीय घरपट्टिका बाटाहरू (ड्राइभवे) सधैं खुल्ला राखिनेछन्। जुन बासिन्दाहरूको घरपट्टिको बाटो निर्माण क्षेत्रभित्र पर्दछ, तिनीहरूलाई निर्माण कार्यको क्रममा हुने अस्थायी असुविधाबारे आयोजना टोलीले व्यक्तिगत रूपमा समन्वय गरी जानकारी दिइनेछ।

यो काम छिटो र सुरक्षित रूपमा सम्पन्न होस् भन्नाका लागि तपाईंहरूको सहयोग अपेक्षित छ। सक्रिय निर्माण क्षेत्रतर्फ पानी छर्किने लन स्प्रिंकलर चलाउनु हुँदैन, यदि स्प्रिंकलर लाइन निर्माण क्षेत्रभित्र पर्दछ भने ठेकेदार वा आयोजना टोलीसँग समन्वय गरी लाइन बन्द गराइदिनु हुन अनुरोध छ। बार, ब्यारिकेड वा अन्य सुरक्षा उपकरणहरू नसार्नु र कुनै किसिमले छेडछाड नगरिदिनु होला - यी उपकरणहरू असुरक्षित क्षेत्र चिनाउनका लागि र सर्वसाधारणको सुरक्षाका लागि अत्यावश्यक छन्। साथै, घरका सबै सदस्यहरू, विशेषगरी बालबालिकालाई, निर्माण कार्यबारे जानकारी दिनुहोला र निर्माण क्षेत्र नजिक हुँदा सतर्क रहन सम्झाइदिनुहोला।

आयोजनासम्बन्धी थप जानकारीका लागि ओमाहा नगरपालिकाको "*Keep Omaha Moving*" वेबसाइट हेर्नुहोस्:
http://www.keepomahamoving.com/projects

निर्माण कार्यको क्रममा कुनै तत्काल सहायता चाहिएमा तलका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोस्:

**Tim Fasel (टिम फासेल)**
JEO निर्माण व्यवस्थापक
३१६.३०४.७९२५
tfasel@jeo.com

**Jeff Webert (जेफ वेबर्ट)**
K2 निर्माण परियोजना व्यवस्थापक
४०२.८९०.२२९९
jwebert@k2construction.biz

# ३३ र ह्यामिल्टन निर्माण बन्द क्षेत्र नक्सा




निर्माण कार्यका कारण बाटो बन्द

बाटो बन्द/स्थानीय बासिन्दाका लागि मात्र खुल्ला